नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प.सं.:- २०७९/८०
च.नं. 2

फोन :
फ्याक्स : ०१–६६३१९७२

मिति :२०७९/०४/०४

श्री स्थानीय तहहरु ।

विषय: विपन्न लक्षित छात्रवृत्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयका कक्षा ९–१२ मा अध्ययनरत विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमका लागि छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीहरुको विवरण मिति २०७९/०३/२७ गते प्रकाशन गरिएको छ। सम्बन्धित स्थानीय तहहरुले विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ बमोजिम तपसिलमा उल्लिखित आधारहरु पुरा गरेका विद्यार्थीहरुलाई छात्रवृत्ति रकम उपलब्ध गराउने प्रयोजनका लागि वैकखाता खोली शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत सूचना व्यवस्थापन प्रणालीमा विवरण अद्यावधिक गर्नका लागि विद्यालयहरुलाई निर्देशन र समन्वय गरिदिनहुन निर्णयानुसार अनुरोध छ ।

२०७९/०४/०४
..................
मुक्तादेवी पोखरेल
शाखा अधिकृत

तपसिल

१. शैक्षिक सत्र २०७८ मा कक्षा ८ मा फारम भरेका र शैक्षिक सत्र २०७९ मा कक्षा ९ मा अध्ययनरत रही सम्बन्धित स्थानीय तहले प्रमाणीकरण गरेका विद्यार्थीहरुले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत सूचना व्यवस्थापन प्रणालीमा बैंक खाता विवरण अद्यावधिक गरेको हुनुपर्नेछ।

२. कक्षा ९ र १० मा प्रथम क्वाइन्टाइलमा पर्ने विद्यार्थीहरु विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न योग्य हुने छन् ।

३. विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीले नजिकैको बैंकमा खाता खोल्नु पर्नेछ । स्थानीय तहले सम्बन्धित विद्यार्थीको खातामा रकम निकासा गर्नुपर्नेछ ।

४. शैक्षिक सत्र २०७९ मा कक्षा ९ मा अध्ययनरत छात्रवृत्ति पाउन योग्य विद्यार्थीले आवश्यक कागजात (इमिसबाट निकालिएको यो बर्षको परिचयपत्र, कक्षा ८ को लब्धांक पत्र र बैंक खाता नम्बर) सहित सम्बन्धित विद्यालयमा सम्पर्क गर्नुपर्नेछ ।विद्यालयले आवश्यक विवरण सहित सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ । यदि उक्त विद्यार्थी फारम भरेको विद्यालय भन्दा अन्यत्र सामुदायिक विद्यालयमा स्थानान्तरण भएको खण्डमा फारम भरेको विद्यालयमा नै सम्पर्क गर्नुपर्नेछ ।

५. कक्षा ८ मा पिएमटी फारम भरेका विद्यार्थीहरुले कक्षा ९ मा निजी विद्यालयमा अध्ययन गरेको भएमा विपन्न लक्षित छात्रवृत्ति पाउन योग्य भनी नामावली प्रकाशित भए पनि निजले उक्त छात्रवृत्ति पाउने छैनन्।